"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्वृद्धिसहितको भद्रपुर नगर"

# भद्रपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भद्रपुर, झापा

कोशी प्रदेश, नेपाल

पत्र संख्या :-

चलानी नं. :- जि.शाखा.०८२।०८३

मिति :.......................

## शिलबन्दी दरभाउ -पत्र पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०४।२८

यस भद्रपुर नगरपालिका कार्यालयको आर्थिक वर्ष २०८२/०८३ सम्मका लागि यस न.पा.का. स्वामित्वमा रहेका सवारी साधनहरु नियमित सर्भिसिङ तथा सामान्य मर्मतको सम्वन्धित कार्य गर्नु पर्ने भएको हुदा यस कार्यालयको परिसरमा आई नियमित सर्भिसिङ तथा सामान्य मर्मत सम्भार कार्य गर्न चाहने इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुले मूल्य अभिवृद्धि कर (VAT) दर्ता भएको प्रमाण-पत्र, आ.व.०८०/०८१ सम्मको कर चुक्ता प्रमाणपत्र, स्थानिय निकायमा फर्म दर्ता प्रमाण पत्र सहित यो प्रथम पटक सूचना प्रकाशित भएको मितिले (पन्ध्र) दिन अर्थात मिति २०८२।०५।११ गते भित्र यस न.पा.कार्यालयबाट दरभाउ-पत्र खरीद गरी शिलबन्दी दरभाउ-पत्र पेश गर्न हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि.नं. | सवारी साधनको विवरण | परिमाण | कै. |
|---|---|---|---|
| ०१ | टयाक्टर | १० | |
| ०२ | जीप, कार , वारुणयन्त्र,रोलर, ब्याक हो लोडर र सब-वाहन | ७ | |

१) दरभाउ-पत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर :- २०८२।०५।११ गते कार्यालय समयसम्म, रु.१,०००।- (एक हजार मात्र) (फिर्ता नहुने गरी) ।

२) दरभाउ-पत्र फाराम दाखिला गर्ने मिति, समय र स्थान :- २०८२।०५।१२ गते दिनको २.०० वजेसम्म, भद्रपुर न.पा.कार्यालयमा ।

३) दरभाउ-पत्र फाराम खोल्ने मिति, समय र स्थान :- २०८२।०५।१२ गते दिनको २.०० वजेपछि, भद्रपुर न.पा.कार्यालयमा ।

४) उक्त दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

५) विस्तृत जानकारीका लागि न.पा.कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

६) दरभाउपत्र फाराममा दर रेट भर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दर रेट फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ ।

७) दरभाउपत्र पेश गर्ने इच्छुक फर्म कम्पनी तथा सप्लायर्स ले सवारी साधन सर्भिसिङ र मर्मत सम्भार संग सम्बन्धित वा सो कार्य गर्ने सम्बन्धित निकायवाट इजाजत प्राप्त गरेको हुनुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कार्यालय प्रमुख : ०२३-५२३७८१, नगर प्रमुख : ०२३-५२३१४८, नगर उप-प्रमुख : ०२३-५२३०९५, Fax : 00977-23-523781
४ नं. वडा कार्यालय : , ५ नं. वडा कार्यालय : ५२३९५५, ६ नं. वडा कार्यालय : ५२४२५०, ७ नं. वडा कार्यालय : ४५३९२७,
८ नं वडा कार्यालय : ५२३१३८, ९ नं वडा कार्यालय : ४५२३५९, १० नं.वडा कार्यालय : ४५२०८२,
सब वाहन/वारुणयन्त्र सम्पर्क : ९८५२६२०१०१, ०२३-५२३१०१
Website: www.bhadrapurmun.gov.np E-mail : info@bhadrapurmun.gov.np

"बालबालिका सबैका प्यारा, बालमैत्री नगर हाम्रो अभियान"

पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र समृद्धिशाली भद्रपुर नगर

# भद्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

पत्र संख्या :-

चलानी नं. :- जि.शाखा.०८२।०८३

मिति :......................

८) दरभाउपत्र फाराम पेश गर्दा सो साथ आफूले पेश गरेको सामानको जम्मा मूल्यको २.५ प्रतिशतले हुने रकम यस न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं.२२१०१००३०३००००३ (ग-३) मा जम्मा गरी सक्कलै बैंक भौचर सामेल राखी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको विड बण्डको सक्कल प्रति पेश गर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ ।

९) रितपूर्वक पेश नभएको, म्याद भित्र दर्ता नभएको र शर्त राखी पेश भएका दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

१०) दरभाउपत्र स्वीकृत भएपछि नगरपालिका कार्यालयबाट सम्झौताका लागि बोलाइएको मिति (म्याद)मा उपस्थित भई आफूले पेश गरेको सामानको जम्मा मूल्यको ५ प्रतिशतले हुने रकम यस न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं. .२२१०१००३०३००००३ (ग-३) मा जम्मा गरी सक्कलै बैंक भौचर सामेल राखी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरेको कार्यसम्पादन जमानत (परफमेन्स ग्यारेन्टी) को सक्कल प्रति पेश गर्नु पर्नेछ ।

११) दरभाउपत्र साथ पेश गरेको कम्पनी तथा ब्राण्ड बाहेकोको पार्टपुर्जा तथा लुब्रिकेन्टस तथा संलग्न TECHNICAL SPECIFICATION बमोजिमको मालसामान बाहेक अन्य मालसामान न.पा.ले स्वीकार गर्ने छैन ।

१२) तोकिएको समयमा तोकिएको परिमाणको उल्लेखित कम्पनी तथा ब्राण्डको वा TECHNICAL SPECIFICATION को मालसामान सप्लाई नगरेमा न.पा.ले ठेक्का तोडी धरौटी जफत गर्न सक्नेछ ।

१३) सामान आपूर्ति गर्दा लाग्ने भाडा तथा जडान खर्च सामान आपूर्तिकर्ता स्वयंले बेहोर्नु पर्नेछ

१४) नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर तथा अन्य कुनै पनि कर बुझाउनु परेमा आपूर्तिकर्ता स्वयंले बुझाउनु पर्नेछ । न.पा.जवाफदेही हुने छैन ।

१५) नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करहरु बुझाई फरफारक लिई आएपछि मात्र उक्त कामका लागि राखिएको धरौटी रकम फिर्ता दिइनेछ ।

१६) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार न.पा.मा सुरक्षित रहनेछ ।

१७) यस शर्त र बन्देज भित्र नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

..................

(सुनिल गिरौला)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत